नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

पत्र संख्या:

चलानी नं.

सिंहदरवार

काठमाडौँ, नेपाल ।

अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना एवं सञ्चालनका लागि अनुमानित लागत सहितको अवधारणापत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८३ कात्तिक २७ गते शुक्रबार। नेपाल सम्वत ११४७ कछलाथ्वः चतुर्थी

विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश, २०८३ बमोजिम विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी कार्यमा लगानी गर्न मन्त्रालयअन्तर्गत विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोष रहने व्यवस्था रहेको छ। उक्त कोषबाट खर्च हुने गरी मन्त्रालयले विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रमार्फत देहाय बमोजिमका क्षेत्रमा विशिष्टीकृत अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना तथा सञ्चालनको तयारी गरिरहेको छ। अतः त्यस्ता केन्द्रहरु स्थापना गर्नका लागि सम्बन्धित क्षेत्रका वैज्ञानिक तथा विज्ञ, अनुसन्धानकर्ताहरुबाट **लागत अनुमान सहितको अवधारणापत्र** यस मन्त्रालयको इमेल ठेगाना info@mosti.gov.np तथा ह्वाट्सएप नं. ९८४१५९२३६१ मार्फत उपलब्ध गराइदिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

देहाय:

(क) औद्योगिक/कृषि औजार, उपकरण तथा मेसिनरी (Industrial /Agricultural Tools, Equipment and Machineries) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(ख) विद्युतीय तथा इलेक्ट्रोनिक्स (Electrical and Electronics) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(ग) स्वस्थ खाद्य परिकार तथा पेय पदार्थ (Healthy Foods, Beverages and Drinks) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(घ) ड्रोन तथा एरोनटिकल (Drones and Aeronautical) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(ङ) आयुर्वेद, जडीबुटी तथा वन पैदावार (Ayurveda, Herbal and Forest Products) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(च) वायोमेडिकल इन्जिनियरिङ (Biomedical Engineering) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(छ) कृषिजन्य फोहोरको मूल्यवर्धन (Agricultural Waste Valorization) अनुसन्धान तथा नवप्रवर्तन केन्द्र

(ज) माथि उल्लिखित विषयबाहेक राष्ट्रिय आवश्यकता र प्राथमिकताका अन्य नवीन तथा उदीयमान प्राविधिक क्षेत्रका जुनसुकै विषयहरू ।

साथै, उपयुक्त अवधारणापत्र पेश गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयबाट कदरपत्र सहित सम्मान गरिनेछ ।

फोन नं. : ०१-४२००५३९ (मा. मन्त्रीज्यूको सचिवालय), ४२००५४० (सचिवज्यूको सचिवालय), ४२००५५१ (प्रशासन महाशाखा), ४२००५४१ (नीति, योजना तथा स्रोत परिचालन महाशाखा) (विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन महाशाखा)

वेवसाइट : https://mosti.gov.np | इमेल: info@mosti.gov.np